प्रतिदिन १७औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY






विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०




# आफू नेपालमै रहेको दुर्गा प्रसाईंको दावी

झापा(प्रस) । चैत १५ गते तीनकुनेको हिंसात्मक प्रदर्शनपछि फरार रहेका दुर्गा प्रसाईंले पुनः आफू नेपालमै रहेको बताएका छन् । बुधबार सामाजिक सञ्जालमा भिडियो सन्देश जारी गर्दै प्रसाईंले मानवअधिकारकर्मी र आफूले भनेका अधिवक्ताहरूको रोहबर हुने हो २४ घण्टाभित्रै आफू आउने बताएका हुन् ।



'पुलिसले खोज्न पर्दैन । म नेपालमै छु कुनै ठाउँमा छु । मानवअधिकारकर्मी र अधिवक्ताहरूको रोहबर हुने भने म २४ घण्टाभित्र आउँछु,' प्रसाईंले भनेका छन् । उनले नयाँ योजना बनाइरहेको समेत बताएका छन् । प्रसाईंले भनेका छन्, 'मेरो जीवनको ग्यारेन्टी हुन्छ भने म २४ घण्टाभित्र उपलब्ध हुन्छु ।'

त्यस्तै उनले आफूबाट आन्दोलनको नेतृत्व हत्याउने षड्यन्त्र भएको पनि बताए । प्रधानमन्त्री केपी शर्मा ओली, माओवादी अध्यक्ष पुष्पकमल दाहाल र आफूलाई राजावादी पार्टीको नेता बताउने एक जना मिलेर उक्त षड्यन्त्र रचिएको पनि उनको आरोप छ । ती राजावादी व्यक्तिका बारेमा भने पछि खुलासा गर्ने प्रसाईंको दाबी छ ।

आफ्नाबारेमा मिडियाहरूमा मिम र जोक बनेको पनि उनले बताए । 'धेरै मिडियाहरूमा मेरो विषयमा मिम बनाउने काम भयो । मलाई जोकर बनाउने काम भए । दुर्गा प्रसाईं मुर्गा प्रसाईं भनेर उडाइयो । ती देखेर मलाई अचम्म लाग्यो,' उनले भने । आफू पेरुको गोन्जालो नबन्ने उल्लेख गर्दै उनले भने, 'हजार माइलको यात्रा शून्यबाट सुरु हुन्छ । भिजन र यात्रा एक व्यक्तिबाटै सुरु हुन्छ । दुर्गा प्रसाईं भनेको विचार हो । हरहर दुर्गा घरघर दुर्गा हुन्छ । म रहैं भने यो जनविद्रोह सफल हुन्छ । नभए जनविद्रोह दबिएर जान्छ । म पेरुको गोन्जालो बन्न चाहन्नँ । गोन्जालोलाई पक्रेर मारियो । त्यसपछि पेरुको जनविद्रोह सकियो । म नेपालीहरूको लिडर बन्न चाहन्छु ।'

त्यस्तै आफू आएपछि चैत १५ गते तीनकुने प्रदर्शनका क्रममा मृत्यु भएका सविन महर्जन र सुरेश रजकका परिवारलाई ५/५ लाख रुपैयाँ दिने पनि प्रसाईंले घोषणा गरेका छन् । यसअघि चैत १७ गते पनि प्रसाईंले भिडियो सार्वजनिक गर्दै आफू काठमाडौंको कुनै एउटा मन्दिरमा रहेको बताएका थिए । तर उनी चढेको स्कोर्पियो भने इटहरीबाट प्रहरीले बरामद गरेको थियो ।

व्यवसायी दुर्गा प्रसाईंले अगुवाइ गरेर चैत ४ गते राष्ट्रिय पञ्चायतका पूर्व अध्यक्ष राप्रपाका नेता नवराज सुवेदीको नेतृत्वमा राजसंस्था पुनःस्थापनाका लागि संयुक्त जनआन्दोलन समिति गठन गरिएको थियो । सुवेदीले उनै प्रसाईंलाई जनआन्दोलन समितिको कमान्डर पनि घोषणा गरेका थिए ।

चैत १५ गते प्रसाईंले नै भाँडभैलो मच्चाएपछि राजावादीहरूको प्रदर्शन हिंस्रक बनेको थियो । प्रदर्शनका क्रममा एक सञ्चारकर्मीसहित २ जनाको मृत्यु भएको थियो । साथै दर्जनौं गाडीमा आगजनी र व्यक्तिगत तथा सरकारी सम्पत्तिमा समेत आगजनी भएको थियो ।

# सबै ठाउँमा पुग्यो पुस्तक

झापा(प्रस) । आगामी नयाँ शैक्षिक सत्र (२०८२) का लागि चाहिने आवश्यक सबै नयाँ पाठ्यपुस्तक सम्बन्धित ठाउँमा पुगेको छ। शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयको शिक्षा तथा मानव स्रोत विकास केन्द्रले छपाइको काम सकाएर पनि सबै ठाउँमा पुस्तक पुगिसकेको जनाएको छ।



जनक शिक्षा सामग्री केन्द्र लिमिटेडका प्राविधिक निर्देशनालयका उपनिर्देशक तिलबहादुर अधिकारीका अनुसार नयाँ शैक्षिक सत्रलाई चाहिने १ करोड ७० लाख थान नयाँ पुस्तक छाप्नुपर्ने अनुमति जनक शिक्षाले पाएको थियो। यी सबै पुस्तक छपाइको काम सकिएको उनले चैत १० मै जानकारी दिएका थिए।

यी सबै पुस्तकहरू सम्बन्धित ठाउँमा पुगिसकेको शिक्षा तथा मानव स्रोत विकास केन्द्रका निर्देशक तथा सूचना अधिकारी हरिप्रसाद अर्यालले जानकारी दिए। उनले भने, 'सबै ठाउँमा नयाँ शैक्षिक सत्रको लागि नयाँ पुस्तक पुगिसकेको जानकारी प्राप्त भएको छ। समयमै विद्यार्थीहरूको हातमा पनि पुस्तक पुग्छ।'

सरकारले आगामी वैशाख १ गतेबाट देशभर नयाँ भर्ना अभियान थाल्ने तयारी गर्दै छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रका निर्देशक तथा सूचना अधिकारी अर्यालका अनुसार वैशाख १ गतेदेखि नयाँ भर्ना अभियान देशभर थालिनेछ। यसका लागि केही दिनपछि सबै स्थानीय तहलगायत सम्बन्धित निकायलाई भर्ना अभियानको लागि परिपत्र गरिनेछ।

'गोरखापत्रमा पनि सूचना प्रकाशित गर्छौं', उनले भने, 'जसमा कुन दिन के-के गर्ने भनेर सेड्युल नै निकालिन्छ, त्यही अनुसार वैशाख २० गतेसम्म भर्ना अभियान थाल्ने भन्ने हाम्रो योजना छ।' तर यी नयाँ भर्ना अभियान शिक्षकहरूको आन्दोलनका कारण प्रभावित हुने देखिएको छ। नेपाल शिक्षक महासंघको अगुवाइमा देशभरका शिक्षक/कर्मचारीहरूले चैत २० गतेबाट काठमाडौंमा आन्दोलन प्रदर्शन गरिरहेका छन्। बुधवार आठौं दिनमा पनि शिक्षकहरू


❖ बाँकी अन्तिम पृष्ठमा


# सगरमाथा आरोहण गर्न १३४ जनाले लिए अनुमति



झापा(प्रस) । वसन्त ऋतुमा सर्वोच्च शिखर सगरमाथासहित विभिन्न हिमाल आरोहणका लागि ४१ आरोही समूहका ३८१ जनाले अनुमति लिएका छन्।

पर्यटन विभागका अनुसार बुधवारसम्म सगरमाथा, आमादब्लम, अन्नपूर्ण-१, मकालुलगायत हिमाल र पिक आरोहणका लागि ८४ महिला र २९७ पुरुषसहित कूल २३१ जनाले अनुमति पाएका हुन्। विभागकी

निर्देशक आरती न्यौपानेका अनुसार सगरमाथा आरोहणका लागि १४ आरोही समूहका २७ महिला र १०७ पुरुषसहित जम्मा १३४ जनाले अनुमति पाएका छन्। नेपालसहित ७५ देशका नागरिकले हिमाल आरोहण अनुमति लिएका छन्। जसमध्ये ३० देशका २७ महिला र १०७ पुरुषसहित कूल १३४ जनाले सगरमाथा आरोहण गर्न अनुमति लिएका हुन्।

अन्नपूर्ण-१ मा ६ आरोही समूहका ६६, आमादब्लाममा ४ समूहका ४८ र मकालुमा ३ समूहका ४० जनाले विभागबाट आरोहण अनुमति लिएका छन्।

हालसम्म हिमाल आरोहणबाट २४ करोड ५२ लाख ७७ हजार ५३७ रुपैयाँ रोयल्टी रकम सरकारी खातामा जम्मा भएको छ।

# म्याद नाघेको भेटिएपछि पूजा फुड प्रोडक्सनमा ताला

मेचीनगर(प्रस) । मेचीनगर नगरपालिकाले जिल्लाको सरकारी निकाय टोलीको सहकार्यमा बजार अनुगमन गर्दा म्याद नाघेको भेटिएपछि एउटा उद्योगमा ताला लगाइएको छ ।

बुधवार नगरपालिकाको नेतृत्वमा गएको जिल्लाको सरकारी निकायको बजार अनुगमन टोलीले मेचीनगर-९ स्थित पूजा फुड प्रोडक्सन उद्योगमा ताला लगाएको हो ।

नगरपालिकाका खाद्य निरीक्षक दिपेन्द्र कार्कीले अनुमति नलिइ उद्योग सञ्चालन गरिएको, पास्ता, सुजी उत्पादन गर्दा म्याद नाघेको मैदा प्रयोग गरिएको, ढक, तराजु ठिक नभएको, सरसफाइमा ध्यान नदिएको, भण्डारण र सुरक्षित राख्न ध्यान नदिएकोले उद्योगमा ताला लगाइएको जानकारी दिए ।

उद्योगका सञ्चालक पुष्पा जैसवाल चौधरीलाई तीन दिनभित्र नगरपालिका कार्यालय आउन निर्देशन दिएको उनले बताए ।

उनका अनुसार उद्योगमा उत्पादन गरिएका पास्ता र सुजीमा कफियत भेटिएपछि ताला लगाइएको छ ।

यस्तै अनुगमन टोलीले मेचीनगर-१० स्थित नन्दा फुड ईन्डरष्ट्रिजका सञ्चालकहरु भूमि पौडेल, अजय घिमिरे, कमल पौडेल र कमल थापालाई उद्योगमा सरसफाइमा ध्यान नदिएको पाइएकोले सात दिनभित्र कार्यालय आउन निर्देशन दिएको कार्कीले बताए ।

सरकारी निकायले बुधबार तीन वटा खाद्य उद्योगमा अनुगमन गरेको थियो । जसमा मेचीनगर-१४ स्थित सिंगापुर वेवरेज ईन्डरष्ट्रिजमा अनुगमन गर्दा सन्तोषजनक पाइएको उनको भनाई छ ।

सिंगापुर वेवरेज उद्योगमा स्थलगत अनुगमन र डकुमेन्टहरु हेर्दा सन्तोषजनक पाइएको खाद्य निरीक्षक कार्कीले बताए ।


❖ बाँकी अन्तिम पृष्ठमा


# औसत मूल्यवृद्धि ३.७५ प्रतिशत

झापा(प्रस)। गत फागुनमा औसत मूल्यवृद्धिदर ३.७५ प्रतिशत कायम भएको नेपाल राष्ट्र बैंकले जनाएको छ । गत वर्षको सोही महिनामा यस्तो मूल्यवृद्धिदर ४.८२ प्रतिशत रहेको थियो । सो अवधिमा खाद्य तथा पेय पदार्थ समूहको मूल्यवृद्धिदर ३.३४ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको ३.९७ प्रतिशत छ । गत वर्षको सोही अवधिमा यी समूहको मूल्यवृद्धिदर क्रमशः



५.९५ प्रतिशत र ४.०७ प्रतिशत रहेको राष्ट्र बैंकको मासिक प्रतिवेदनले औल्याएको छ ।

गत फागुनमा खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत घ्यू तथा तेल उप-समूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्यवृद्धि १३.७४, दाल तथा गेडागुडीको ७.८०, फलफूलको ६.८२ र गैर-मदिराजन्य पेय पदार्थको ५.१५ प्रतिशतले बढेको राष्ट्र बैंकले जनाएको छ । तर, मरमसला उप-समूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक ५.१७, तरकारीको १.२४ र माछा तथा मासुको ०.७४ प्रतिशतले घटेको प्रतिवेदनमा उल्लेख छ ।

गैर-खाद्य तथा सेवा समूहअन्तर्गत विविध वस्तु तथा सेवा उप-समूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक १०.१४, कपडाजन्य तथा जुत्ताचप्पलको ७.०१, मदिराजन्य पेय पदार्थको ६.०७, फर्निसिङ तथा घरायसी उपकरणको ५.५९ र यातायातको ५.०७ प्रतिशतले बढेको बताइएको छ ।

# सगरमाथा क्षेत्रमा ठूलो हिमपहिरो

झापा(प्रस) । सोलुखुम्बुस्थित सगरमाथा क्षेत्रमा ठूलो हिमपहिरो गएको छ। बुधबार विहान सगरमाथा बेस क्याम्पमाथि हिमपहिरो गएको हो। हिमपहिरोले सगरमाथा चढ्ने बाटोमा क्षति पुऱ्याएको छ।



पर्यटन विभागका सूचना अधिकारी लीलाधर अवस्थीका अनुसार बेस क्याम्प र प्रथम क्याम्पबीचमा उक्त हिमपहिरो गएको हो। हिमपहिरोले प्रथम क्याम्प जाने बाटोका भऱ्याङ र डोरीहरू पुरिएको उनले बताए। अवस्थीका अनुसार ४ वटा भऱ्याङ र चढ्ने डोरीहरू पुरिएको हो। हिमपहिरोले भऱ्याङ र डोरीमा क्षति पुऱ्याएपछि सगरमाथा चढ्ने कार्य केही दिनका लागि स्थगित गरिएको उनले बताए।

'हामी पर्ख र हेरको अवस्थामा छौं। त्यस क्षेत्रमा अहिले पनि ३५ किलोमिटर प्रतिघन्टाको हावा चलिरहेको छ। सबै कुरा नर्मल भएपछि मात्रै अन्य विषयमा निर्णय लिन्छौं,' उनले भने।


**डा. प्रेम ब. शाही, MS, FISS**
वरिष्ठ विशेषज्ञ – हाड, जोर्नी, नशा, मेरूदण्ड रोग /सर्जन
समयः सोमबार देखि विहिबारसम्म, २ बजे देखि

**डा. दिपायन पाण्डे, MD**
वरिष्ठ विशेषज्ञ – छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समयः प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

**डा. आलोक झा, MD**
वरिष्ठ विशेषज्ञ – मानसिक, नशा तथा मनोरोग
समयः प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

**डा. केशव कु. मण्डल, MD**
वरिष्ठ विशेषज्ञ – नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समयः दैनिक सेवा, विहान १० बजे देखि

**डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD**
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समयः दैनिक सेवा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ – कलेजो (लिभर) पेट, जन्डिस, हेपटाईटिस रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समयः प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

**डा. अच्युत भक्त आचार्य, MD, DM**
वरिष्ठ विशेषज्ञ – छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
वरिष्ठ विशेषज्ञ – बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समयः प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

**डा. निशान भुर्तेल, MD, DM**
वरिष्ठ विशेषज्ञ – मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाईं सँगै
**जिवनरक्षा बिर्तामोड**
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/डिजिटल एक्स-रे ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समयः विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

**डा. धर्मागत भट्टराई, MD, DM**
वरिष्ठ विशेषज्ञ – बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समयः प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. उत्कर्ष कार्की, MD, DM**
वरिष्ठ विशेषज्ञ – बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौंबाट

**डा. सन्तोष मिश्र, MD, DM**
वरिष्ठ विशेषज्ञ – बाल नशा मस्तिष्क, मेरुदण्ड, अटिजम, टाउको रोग /बाल न्यूरोलोजिष्ट
समयः प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**डा. दिलिप न्यौपाने, MD, DM**
वरिष्ठ विशेषज्ञ – बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समयः प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
वरिष्ठ विशेषज्ञ – मेरुदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. पुरूषोत्तम पराजुली, MS, MCh**
वरिष्ठ विशेषज्ञ – पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समयः प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

**डा. अपार पोखरेल, MS, FIPE**
वरिष्ठ विशेषज्ञ – नाक, कान, घाँटी रोग /बाल तथा वयाष्क ENT सर्जन
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
वरिष्ठ विशेषज्ञ – मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

# नाइट क्लबको छाना भत्किँदा कम्तीमा ११३ जनाको मृत्यु



एजेन्सी । डोमिनिकन गणराज्यको राजधानी सान्तो डोमिङ्गोस्थित एक नाइट क्लबको छाना भत्किँदा कम्तीमा ११३ जनाको मृत्यु भएको छ भने १५० भन्दा बढी घाइते भएको बीबीसीले जनाएको छ । मृत्यु हुनेमध्ये सन् २०१३ मा सन्यास लिएका चर्चित बेसबल खेलाडी क्टाभियो डोटेल सहित एल अफ्रिकानो र लास आविस्पास जस्ता चर्चित गीत गाएका डोमिनिकन गायक रुवी पेरेज पनि रहेका छन् ।

मंगलबार बिहान रुवी पेरेजको लाइभ कन्सर्टका क्रममा क्रममा जेट सेट भनिने नाइट क्लबको छानो भत्किदा यो घटना भएको हो । भग्नावशेषमा अझै धेरै पुरिएको हुनसक्ने आशंका गरिएको छ । रातको १ बजेतिर पूरै क्लब भरिभराउ भएका बेला घटना भएको जनाइएको छ । अझै पनि ४ सयभन्दा बढी उद्धारकर्मीहरू पुरिएकाहरुलाई जीवितै उद्दार गर्न सकिने विश्वासका साथ खोजीमा जुटेका छन् । मृतक संख्या अझै बढ्न सक्ने अनुमान गरिएको छ।

उक्त कन्सर्टमा राजनीतिज्ञ, खेलाडी तथा अन्य विशिष्ट व्यक्तिहरू पनि सहभागी भएकाले मृतक मध्ये धेरै उच्च पदस्त व्यक्तिहरु भएको जनाइएको छ ।

राष्ट्रपति लुइस रोडोल्फो एबिनाडेरले पीडित परिवारप्रति समवेदना प्रकट गरेका छन्।

### सबै...

सडक आन्दोलनमै छन्। सरकारले पटक पटक वार्तामा बोलाए पनि उनीहरूले वार्तामा जान अस्वीकार गरेका छन्। महासंघले गत सोमबारदेखि आम शैक्षिक हडताल घोषणा नै गरेर आन्दोलन गरिरहेको छ। महासंघले यो अवधिमा उत्तर पुस्तिका परीक्षण, नतिजा प्रकाशन, तालिम गोष्ठी, सेमिनार, शैक्षिक भ्रमण जस्ता कुनै पनि काममा संलग्न नहुन आग्रह गरेको छ।

महासंघले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'गुणस्तरीय विद्यालय शिक्षा, विद्यार्थी र शिक्षक कर्मचारी मैत्री विद्यालय शिक्षा ऐन जारी गराउने सवालमा यो अन्तिम र निर्णायक आन्दोलन हो। यो आन्दोलनलाई अझ सशक्त बनाउन २०८१ चैत्र २५ गतेबाट आम शैक्षिक हडताल घोषणा गरिएको छ। अब देशभरका सबै विद्यालय बन्द गरी काठमाडौँको शैक्षिक सडक आन्दोलनमा सहभागी हुन अनिवार्य आउन हामी सबै शिक्षक कर्मचारी साथीहरूलाई आग्रह गर्दछौं।'

यही कारण सरकारको नयाँ भर्ना अभियान कार्यक्रममा असर पुग्ने देखिन्छ। यस विषयमा प्रश्न गर्दा शिक्षा तथा मानव स्रोत विकास केन्द्रका निर्देशक तथा सूचना अधिकारी अर्याल तत्काल यसबारे असर पुग्छ भन्न नसकिने जानकारी दिए। 'अहिले नै शिक्षक आन्दोलनले भर्ना अभियान कार्यक्रममा असर पुग्छ नभनौँ, किनभने अझै केही समय छ। त्यसैले असर नपुग्ला, हामीले गर्नुपर्ने काम त गरिहाल्छौँ', उनले भने।महासंघले सरकारले वार्तामा बोलाए पनि नजाने अडान लिएको छ। बरु महासंघले तत्काल शिक्षा विधेयक जारी गर्न माग राखेको र जारी गर्न तीन विकल्प सरकारलाई दिएको छ।

महासंघले मंगलबार साँझ जारी गरेको विज्ञप्तिमा भनिएको छ, ' यो आन्दोलनको उद्देश्य विगतमा भएका सबै सहमति सम्बोधन हुने गरी गुणस्तरीय विद्यालय शिक्षा, विद्यार्थी र शिक्षक( कर्मचारी मैत्री अग्रगामी विद्यालय शिक्षा ऐन जारी गराउनु हो। अहिलेको अवस्थामा संसद्को वर्षे अधिवेशन तत्कालै शुरु गर्ने, विशेष अधिवेशन आह्वान गर्ने वा अध्यादेश जारी गर्ने मध्ये एउटा विकल्पमार्फत विद्यालय शिक्षा ऐन जारी हुन सक्छ।'

महासंघका अध्यक्ष सुवेदीले पहिला पनि पटक पटक वार्ता बसी सहमति गरेको तर सरकारले हालसम्म ती सहमति कार्यान्वयन नगरेको भन्दै अहिले वार्तामा बस्नु कुनै औचित्य नरहेको जानकारी दिए।

'हरेक समस्या वार्ता वा संवादबाटै समाधान हुन्छन् भन्नेमा महासंघको दृढ विश्वास छ तर योपटक नेपाल शिक्षक महासंघ सरकारसमक्ष नयाँ मागपत्र पेश गरी आन्दोलनमा आएको छैन', उनले भने,'यो आन्दोलनको लक्ष्य विभिन्न मुद्दा र विषयमा छलफल गरी नयाँ सहमति गर्नु पनि होइन, यो आन्दोलनको उद्देश्य विगतमा भएका सबै सहमति सम्बोधन हुने गरी विद्यालय शिक्षा ऐन जारी गराउनु हो।' विगतका सहमति कार्यान्वयन गर्ने सन्दर्भमा मन्त्री परिषद्को निर्णयबाट सम्बोधन हुनसक्ने विषयमा शीघ्रातिशीघ्र निर्णय लिँदै ऐन जारी गर्नका लागि माथि प्रस्तावित विकल्पबारे स्पष्टताका साथ पहल भएमा मात्रै आफूहरू वार्तामा जाने विज्ञप्तिमा उल्लेख छ। यही अडानका कारण पनि सरकारको नयाँ भर्ना अभियानमा असर पुग्ने जोखिम देखिएको छ।

### म्याद...

बजार अनुगमन टोलीमा मेचीनगर नगरपालिकाकी उपप्रमुख मीना पोखरेल उप्रेती, खाद्य निरीक्षक दिपेन्द्र कार्की, राजश्व शाखाका प्रमुख प्रेमप्रसाद पराजुली, खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय भद्रपुरकी खाद्य निरीक्षक संगीता साह, जिल्ला प्रशासन कार्यालय झापा नायव सुब्बा हरि खतिवडा, घरेलु तथा साना उद्योग कार्यालय भद्रपुरका नायव सुब्बा सुरेश गौतम, गुणस्तर तथा नाप तौल कार्यालय भद्रपुरका नायव सुब्बा विजयनन्द चौधरी, इलाका प्रहरी कार्यालय धुलाबारीका सई विष्णु दाहाल, मेची उद्योग बाणिज्य संघका सदस्य विष्णु बुढाथोकी, नगरप्रहरीहरु प्रकाश बानियाँ, अर्जुन प्रसाई लगायतको उपस्थिति रहेको थियो । बजार अनुगमन समितिकी संयोजक समेत रहेकी उपप्रमुख उप्रेतीले बजार अनुगमन कडाइका साथ कार्यान्वयनमा लाने बताइन् । अनुगमनका क्रममा अखाद्य वस्तु, म्याद नाघेका र उत्पादन मिति नभएका सामानहरु जफत, नष्ट, सञ्चालकलाई जरिवाना र कारवाही समेत हुने उनको भनाई छ ।

# टी-२० सिरिजमा कतारविरुद्ध नेपाल ८ विकेटले विजयी

झापा(प्रस) । चार देशीय टी-२० अन्तर्राष्ट्रिय सिरिजको पहिलो खेलमा नेपालले कतारलाई ८ विकेटले हराएको छ। हङकङको मङ्ककस्थित मिसिन रोड ग्राउण्डमा टस हारेर ब्याटिङको निम्तो पाएको कतारले १५१ रन बनाएको थियो। कतारले दिएको १५२ रनको लक्ष्य पछाएको नेपालले १७ ओभरमा २ विकेट गुमाउँदै १५४ रन बनाउँदै लक्ष्य पूरा गरेको हो।



नेपालका लागि ओपनर कुशल भुर्तेलले सर्वाधिक ३८ रन बनाए। उनले १९ बलमा चार चौका र तीन छक्का प्रहार गरेका हुन्। पहिलो विकेटका लागि कुशल भुर्तेल र आसिफ शेखले ८१ रनको साझेदारी गरेका थिए। शेखले ३३ रन बनाए। तेस्रो विकेटका लागि कप्तान रोहितकुमार पौडेल र वसिर अहमदले ६२ रनको साझेदारी गरे। रोहित ३७ रनमा र वसिर ३० रनमा अविजित रहे।

कतारका लागि मुजीव उर्र रहमानले २ विकेट लिए। त्यसअघि ब्याटिङ गरेको कतारले निर्धारित २० ओभरमा पाँच विकेट गुमाउँदै १५१ रन बनाएको थियो। कतारका लागि कप्तान इक्रमूललाह खानले सर्वाधिक ५४ रनको अर्धशतकीय पारी खेले। उनले ५४ बलमा ५ चौका र २ छक्का प्रहार गरेका हुन्। ओपनिङमा आएका अर्मुगागणेश नागाराजनले १३ रन बनाए अर्का ओपनर रिफाई ठेरुभात ६ रनमा क्याच आउट भए। शाहजैब जामिलले ३१ रन बनाए। मुजीव उर रहमान २० र मोहम्मद ईर्साद १८ रनमा अविजित रहे ।

बलिङमा नेपालका लागि करण केसी, सोमपाल कामी, गुल्सन झा, नन्दन यादव र ललित राजवंशीले १-१ विकेट लिए ।

# मकैवारीमा बेवारिसे शव , एक पक्राउ

झापा(प्रस)। झापाको अर्जुनधारा- ११ स्थित मकैवारीमा एक बेवारिसे शव फेला परेको छ ।

मागी खाएर हिड्ने अन्दाजी ४०-४२ वर्षका पहाडे मूलका पुरुषको शव बुधवार बिहान फेला परेको हो । उनको एउटा खुट्टामा घाउ भएको थियो । उनी वीरे दमाईसंगै दमाईको कटेरोमा बस्ने गरेका थिए । दमाईको कटेरो नजिक ती पुरुषको शव फेला परेको हो । शवको प्रकृति हेर्दा केही दिनअघि मृत्यु भएको हुनसक्ने इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी प्रकाश विष्टले बताए ।

प्रहरीले अनुसन्धानका लागि वीरे दमाईलाई पक्राउ गरेको छ । दमाईको घरमा मृत्यु भएर शव मकैवारीमा फालेको हुनसक्ने डीएसपी विष्टले बताए ।

शवलाई पोस्टमार्टमको लागि प्रादेशिक अस्पताल भद्रपुर पठाइएको र घटनाबारे अनुसन्धान थालिएको उनले जानकारी दिए ।

# गुरुकुलमै झुन्डिएर विद्यार्थीले गरे आत्महत्या

झापा(प्रस)। झापाको शिवसताक्षी नगरपालिका १० स्थित गुरुकुलमा अध्ययनरत एक विद्यार्थीले आत्महत्या गरेका छन् । लक्ष्मी नारायण मन्दिर तथा जगतगुरु योगी कमल नारायण आश्रम अनन्ता दर्शन संस्कृत बेद विद्यालयमा अध्ययनरत विद्यार्थीले झुन्डिएर आत्महत्या गरेका हुन् । बुधवार बिहान सो गुरुकुलमा कक्षा ५ मा बोडर्स अध्ययनरत कन्काई वडा नम्बर ७ बस्ने बोधराज गौतमका छोरा अन्दाजी १३ वर्षका उत्सव गौतमले मन्दिरको तेस्रो तलाको फलामको ट्रससमा गम्छाको डोरीले पासो लगाई आत्महत्या गरेको प्रहरीले जनाएको छ । इलाका प्रहरी कार्यालय झिलझिलेले कानुनी प्रकृया पूरा गरी अनुसन्धान गरिरहेको जनाइएको छ ।


**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेशको**

**१५ दिने सूचना**

सधियार पूर्वः श्री शान्ता रावतको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. २ हाल बिर्तामोड नगरपालिका, वडा नं. ४ बस्ने श्री सन्च माया मोक्तानले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ४ | १७९०१ २० | ६९४ | २३७.०२ | २०८१/ १२ /०३ | २०८१/ १२ /०५ | २०८१/ १२ /२२ |

**निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना**

कोशी प्रदेश, झापा जिल्ला,बिर्तामोड नगरपालिका वार्ड नं.-९मा बस्ने श्री धनपती प्रसाईकी छोरी,श्री विनिता प्रसाईको मिति वि.सं.२०८१/०८/२८गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय गरामनीमा रहेको चल्ती/वचत खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतकका भदो श्री दिनेश प्रसाईले मिति वि.सं.२०८१/१०/३०मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाण सहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्धारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np


# स्वास्थ्य मन्त्रालयद्वारा ५३ लाख बेरुजू असुल



झापा,चैत २७ । कोशी प्रदेश स्वास्थ्य मन्त्रालयले असुल गर्नुपर्ने र नियमित गर्नुपर्ने बेरुजूलाई उल्लेख्य घटाएको छ । मन्त्रालयले दिएको विवरण अनुसार हालसम्म मन्त्रालयले ३९ करोड ४७ लाख ९४ हजार ७९६ रुपैयाँ बेरुजू नियमित गर्नुपर्नेमा १३ करोड ८५ लाख २३ हजार ९६८ रुपैयाँ नियमित गरेको छ ।

यस्तै असुल गर्नुपर्ने २ करोड २३ लाख ३९ हजार दुई सय ७१ रुपैयाँमध्ये ५३ लाख १ हजार १२ रुपैयाँ असुल गरेको छ । मन्त्रालयले अब १ करोड ७० लाख ३८ हजार २ सय ५९ रुपैयाँ असुल गर्न बाँकी देखिएको छ । यस्तै नियमित गर्न बाँकी रकम अझै २५ करोड ६२ लाख २३ हजार ८६८ रुपैयाँ रहेको छ ।

स्वास्थ्य मन्त्रालय अन्तर्गत १४ वटा जिल्ला स्वास्थ्य कार्यालय, १३ वटा जिल्ला अस्पताल, स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय, आपूर्ति व्यवस्थापन केन्द्र, प्रादेशिक अस्पताल भद्रपुर, मदन भण्डारी ट्रमा सेन्टर, प्रादेशिक आर्युवेद अस्पताल लखनपुर, १४ वटा आर्युवेदिक स्वास्थ्य केन्द्र, प्रदेश जनस्वास्थ्य प्रयोगशाला र तालिम केन्द्र धनकुटा छन् । त्यसमध्ये जिल्ला स्वास्थ्य कार्यालय पाँचथर, ताप्लेजुङ, धनकुटा, प्रादेशिक आयुर्वेद अस्पताल लखनपुर, आयुर्वेद स्वास्थ्य केन्द्र इलामलगायतले भने बेरुजू घटाउन कुनै प्रगति गरेका छैनन् ।

स्वास्थ्य मन्त्रालयका मन्त्री भूपेन्द्र राईले बाँकी रहेको असुल गर्नुपर्ने बेरुजूलाई असार मसान्तसम्ममा शून्यमा झार्ने बताए । 'सुशासनमा सम्झौता हुँदैन । शून्य सहनशीलता भनेको बेरुजूलाई शून्यमा झार्नु हो । त्यसपछि मात्रै हामीले भनिरहेको सुशासन कायम हुन्छ,' राईले भने ।

मन्त्री राईले सम्हालेकै भौतिक पूर्वाधार विकास मन्त्रालयले असुल गर्नुपर्ने बेरुजूलाई पनि उल्लेख्य घटाएको छ । तथ्याङ्क अनुसार गत आर्थिक वर्ष २०८०-८१ सम्ममा मन्त्रालय र मातहतका अन्य १२ वटा कार्यालयको असुल गर्नुपर्ने बेरुजू रकम ३६ करोड ५१ लाख ७४ हजार ९४० रुपैयाँ थियो । सो मध्ये १८ करोड ६० लाख ९ हजार ७१७ रुपैयाँ बेरुजू असुल भएको हो ।

मन्त्रालयका अनुसार असुल गर्नुपर्ने बेरुजू सबैभन्दा धेरै पूर्वाधार विकास कार्यालय मोरङ अन्तर्गत थियो । उक्त कार्यालयमा १८ करोड ६२ लाख ९३ हजार २३५ रुपैयाँ थियो । जसमध्ये सो कार्यालयले १६ करोड १६ लाख ९४ हजार रुपैयाँ असुल गरेको छ ।

यस्तै यातायात पूर्वाधार विकास कार्यालय मोरङ, पूर्वाधार विकास कार्यालय पाँचथर, पूर्वाधार विकास कार्यालय सङ्खुवासभाले भने बेरुजू असुल गर्न सकेका छैनन् । ती कार्यालयहरुमा असुल गर्नुपर्ने बेरुजू क्रमशः २ करोड ३६ लाख, ६ करोड १३ लाख, ९२ लाख र ७ लाख ७७ हजार रुपैयाँ थियो । सो मन्त्रालयको नियमित गर्नुपर्ने बेरुजू रकम १ अर्ब ७४ करोड ६० लाख १९ हजार १६६ रुपैयाँ रहेको छ । जसमध्ये २१ करोड २० लाख ३० हजार ६८४ रुपैयाँ नियमित भएको मन्त्री राईले बताए । उनले चालू आर्थिक वर्षको अन्त्यसम्ममा नियमित गर्नुपर्ने बेरुजूलाई १ अर्बले घटाउने लक्ष्य राखेको बताए । यस्तै असुल गर्नुपर्ने बेरुजूलाई सकेसम्म शून्यमा झार्ने उनले बताए ।


असल संस्कार र समृद्धिका लागि एनएमसी

**नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.**
कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा, कोशी प्रदेश

**कर्जा बुझाउने सम्बन्धी ३५ दिने सूचना !**
प्रकाशित मितिः २०८१-१२-२८

यस संस्थाको बचत तथा ऋण व्यवसाय अन्तर्गतका सेवाकेन्द्रसँग कर्जा कारोबार गर्ने तपशिल अनुसारका ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा तथा ब्याजको नियमित मासिक किस्ता विगत लामो समयदेखि नबुझाएको र ऋण रकम बुझाउने किस्ता भाखा/अन्तिम भाखा समेत नाघिसकेको र पटक-पटक लिखित एवम् मौखिक तागेता गर्दा समेत अटेर गरी हालसम्म आफूले तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा तथा ब्याज फरफारक नगरेको हुँदा यो सूचना जारी गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफूले बुझाउन बाँकी सम्पूर्ण रकम बुझाउन वा बुझाइसकेको भए प्रमाण सहित संस्थामा सम्पर्क राख्न सुचित गरिन्छ । अन्यथा ऋणको सुरक्षण वापत संस्थामा रहेको धितो लिलामीका लागि प्रधान कार्यालय सिफारिस गरिने व्यहोरा सम्बन्धित सबैमा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

| क्र.सं. | ऋणीको नाम, थर | ठेगाना | बाबुको नाम | बाजेको नाम | पतिरपत्नी | जग्गाधनीको नाम | सेवाकेन्द्र |
|---|---|---|---|---|---|---|---|
| १ | अब्दुल हाकिम मिया | झापा-३ | नौसादअलि मिया | महमद हुसेन | अहेदा विवि | अब्दुल हाकिम मिया | शरणामती |
| २ | अहेदा विवि | झापा-३ | महमद आरसाद | फजेन अलि | अब्दुल हाकिम मिया | अब्दुल हाकिम मिया अहेदा विवि | शरणामती |
| ३ | सदाम हुसेन | झापा-३ | अब्दुल हाकिम मिया | नौसाद अलि मिया | इसरत फरहिन | अब्दुल हाकिम मिया | शरणामती |
| ४ | चिन्तादेवी राजवंशी | झापा-३ | जनाकु राजवंशी | रामलाल राजवंशी | प्रभु राजवंशी | चिन्तादेवी राजवंशी | शरणामती |
| ५ | नरेश कुमार नायक | झापा-३ | विन्देश्वरी नायक | श्यामसुन्दर नायक | रेखाकुमारी पुर्वे | नरेश कुमार नायक | शरणामती |
| ६ | रामराज गणेश | झापा-३ | भवकलाल गणेश | बाका गणेश | हरिप्रिया पोखेल | रामराज गणेश | शरणामती |
| ७ | हरिप्रिया पोखेल | झापा-३ | जयप्रकाश पोखेल | शिवप्रसाद पोखेल | रामराज गणेश | रामराज गणेश | शरणामती |
| ८ | कविता खड्का | झापा-६ | पदम बहादुर राई | जंगीध्वज राई | डोरबहादुर खड्का | कविता खड्का | शरणामती |
| ९ | साहाबुदिन सेख | झापा-४ | अर्सादि अलि मिया | अब्दुल हमेद | बिनिता बस्नेत | अर्सादि अलि मिया/ रासेदा विवि (आमा) | शरणामती |
| १० | अस्मिता तिम्सिना | कनकाई-५ | टेकनाथ तिम्सिना | बेनुदत्त तिम्सिना | मोहन मिश्र | अस्मिता तिम्सिना | सुरुङ्गा |
| ११ | शान्ती सिटौला | कनकाई-३ | भक्तिप्रसाद सिटौला | हरीशंखर सिटौला | छबिलाल खरेल | शान्ति सिटौला | सुरुङ्गा |
| १२ | सबितादेबी मण्डल | कनकाई-५ | हरिकृष्ण मण्डल | मुन्सी मण्डल | फुलचन मण्डल | सबितादेबी मण्डल | सुरुङ्गा |
| १३ | नेत्रप्रसाद खनाल | कनकाई-२ | टंकनाथ खनाल | नन्दलाल खनाल | छायादेबी खनाल | नेत्र प्रसाद खनाल | सुरुङ्गा |
| १४ | कबिता मगर तामाङ | कनकाई-३ | गोपाल मगर | सन्तबहादुर मगर | पुष्प तामाङ | पुष्प तामाङ | सुरुङ्गा |
| १५ | पुष्प तामाङ | कनकाई-३ | सन्तबहादुर तामाङ | हर्कबहादुर तामाङ | कबिता मगर तामाङ | पुष्प तामाङ | सुरुङ्गा |
| १६ | जीवन चुडाल | कनकाई-४ | मोहनकुमार चुडाल | धनपति चुडाल | संगीता पौडेल चुडाल | जिवन चुडाल | सुरुङ्गा |
| १७ | खेमनाथ मिश्र | कनकाई-३ | केदारनाथ मिश्र | मधुसुधन मिश्र | साबित्रा खनाल | खेमनाथ मिश्र | सुरुङ्गा |
| १८ | दिपक चापागाई | कनकाई-२ | रामप्रसाद चापागाईं | श्रीप्रसाद चापागाईं | बेबिका चापागाईं | दिपक चापागाई | सुरुङ्गा |
| १९ | पुजा दाहाल सापकोटा | कनकाई-२ | माधव दाहाल | तुलसीराम दाहाल | नविन सापकोटा | मैया सापकोटा | दुर्गापुर |
| २० | मिनाकुमारी संग्रौला खतिवडा | कनकाई-२ | डिल्लीराम संग्रौला | लोकनाथ संग्रौला | कमलप्रसाद खतिवडा | मिनाकुमारी संग्रौला | दुर्गापुर |

नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.
कनकाई-रतुवा 'क' क्षेत्रीय उपसमिति


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# शिक्षकहरुको आन्दोलन

देशभरका शिक्षक विद्यालय बन्द गरेर राजधानीमा आन्दोलन गरिरहेका छन् । नेपालमा वर्षेनि शिक्षकहरु आन्दोलनमा उत्रिरहन्छन् । आखिर शिक्षकहरु वर्षेनि आन्दोलनमा उत्रिनुपर्ने कारण के हो त ? नेपालमा शिक्षक आन्दोलन कहिलेदेखि सुरु भयो र कहिलेसम्म चलिरहन्छ कुनै अनुमान गर्न सकिँदैन । एउटा कुरा चाहिँ के सत्य हो भने जबसम्म शिक्षकहरुले पेशागत हकहितका लागि सडकको सहारा लिइरहनुपर्ने हुन्छ तबसम्म शिक्षामा परिवर्तनको अपेक्षा नगर्दा हुन्छ। किनभन्दा पेशागत हकअधिकारको सुनिश्चितता नभएको शिक्षकले पहिलो आफ्नै जागिरको चिन्ता गर्दछ । त्यसपछि मात्र विद्यालय, कक्षाकोठा र विद्यार्थीको भविष्यको चिन्ता गर्नसक्छ । शिक्षकको आँखामा आँसु, मुटुमा पीडा र मस्तिष्कमा तनाब भइरहेसम्म हाम्रो शिक्षा राम्रो हुनसक्ने देखिँदैन ।

पचासौँ वर्षसम्म उही प्रकृतिको शिक्षक आन्दोलन किन ? शिक्षक आन्दोलनले किन विरासत प्राप्त गर्न सकेन ? पेशागत अधिकारका लागि एउटा शिक्षकले जीवनभर लडिरहनु पर्ने किन ? नमागेसम्म नपाइने, पेसागत अधिकारको लडाइँमा सडकमा सुतिरहनु पर्ने सूत्रले शिक्षा राम्रो हुने कल्पना गर्न सकिँदैन । राज्य आफैँले शिक्षा कसरी राम्रो हुन सक्छ ? शिक्षक कसरी उच्च मनोबलयुक्त र अभिप्रेरित ढंगले पेसागत कार्यमा सहभागी हुनसक्छ ? शिक्षकको सक्षमता र दक्षतालाई कसरी बढीभन्दा बढी दोहन गर्न सकिन्छ भनेर चिन्तनमनन गर्ने समय कहिले आउला ? यसरी राज्य आफैँ प्रोयाक्टिभ भएर शिक्षकको विषयमा र शिक्षाको विषयमा सोच्ने, योजना गर्ने र कार्यान्वयन गर्न सक्षम नहुँदासम्म शिक्षक आन्दोलन अन्नत श्रृंखलाका रुपमा चलिरहन्छ ।

२०५७ सालयता शिक्षक दरबन्दी थपिएको छैन । यो बीचमा सबैका लागि शिक्षा अभियानले विद्यालय र विद्यार्थीको भारी वृद्धि गर्यो तर शिक्षक दरबन्दी थपिएन । राहत अनुदानकोटा, एसआइपी अनुदान, पिसिएफ कोटा र पालिका शिक्षकका नाममा शिक्षकको तदर्थ व्यवस्थापन गरियो । यही तदर्थ व्यवस्थापनका कारण मुलुकले विभिन्न शैक्षिक समस्याहरु झेलिरहेको छ ।

यसरी राहत र इसिडी कोटामा दशकौं काम गर्ने अवस्था सुखद होइन । अहिले त्यही राहत र इसिडी कोटामा बीसौं वर्षसम्म काम गरेर जवानी रित्ताएका शिक्षकले स्थायी हुन खोज्नु अन्यथा होइन । आफैँले अध्यापन गरिरहेको कोटामा परीक्षा उत्तीर्ण गरेर स्थायी रुपमा काम गर्छु भन्नु सामाजिक न्यायका हिसाबले ठिकै पनि होला । जहाँसम्म अध्यापन अनुमतिपत्र लिएर लाखौंको संख्यामा शिक्षक प्रतिष्पर्धाका लागि पर्खिरहेका शिक्षकको कुरा छ राहत अनुदान दरबन्दीमा परिणत हुँदा यसमा पहिलो हक काम गरिरहेकै शिक्षकको लाग्छ । परीक्षा हुँदा आधाभन्दा बढी असफल हुने निश्चित छ। त्यसमा खुला प्रतिष्पर्धा गर्दा प्रतिक्षामा रहेका उम्मेदवारको पनि माग पूरा हुने अवस्था बन्छ । अर्को कुरा राहत कोटामा कार्यरत शिक्षककै जोडबलले यो कोटा शिक्षक दरबन्दीमा परिणत हुँदैछ । यसैले पनि यो कोटामा उहाँहरुको पहिलो अधिकार स्थापित गर्दा सामाजिक न्यायका हिसाबले पनि उपयुक्त हुने देखिन्छ ।

शिक्षक विद्यार्थीको आन्दोलन लामो समय जानु हुँदैन । कथमकदाचित यो लामो भयो भने अनेपेक्षित नतिजाहरु देखिन सक्छन् । यसैले बिलम्ब नगरी शिक्षक आन्दोलनलाई बैठान गरिनु पर्दछ । शिक्षक आन्दोलनको समाधान गरिनु पर्दछ ।




# दलहरू पनि निरंकुश, सुधार चाहियो !



• सञ्जीव पोखरेल

पञ्चायती व्यवस्थाका रक्षक र प्रशंसकहरू संवैधानिक राजतन्त्र पुनर्स्थापना गर्ने बहानामा निरंकुशता फर्काउने अभियानमा आज सडकमा छन्। देशको अवस्थाबाट निराश मानिसहरूको एउटा समूह उनीहरूको साथमा छ।

नयाँ सविधान लागू भएर देश लोकतन्त्र र विकासको मार्गमा अघि बढ्ला भन्ने आशा निराशामा परिणत भएको परिस्थितिमा धार्मिक अतिवाद तथा कोरा राष्ट्रवादलाई लोकतान्त्रिक प्रणाली मास्ने हतियारका रूपमा प्रयोग गरिँदैछ।

आज देशमा जे-जस्तो परिस्थिति छ, त्यसको मुख्य कारण राजनीतिक दल र तिनका नेताको अकर्मण्यता र भ्रष्टाचार मोह नै हो भन्नेमा शंका छैन। लोकतान्त्रिक संविधान ल्याउन भूमिका खेल्ने राजनीतिक दलका नेताको भ्रष्टाचार मोह र अकर्मण्यतामा सुधार आउने सम्भावना कम भएको मानिसहरूको बुझाइ छ। यसको विपरित दलहरूले विकास गरेको नेतावाद, आसेपासेवाद र खुलेआम भ्रष्टाचार थप बलियो र संस्थागत हुँदै जाने प्रस्ट देखिएको छ।

लोकतन्त्रका पक्षधर भनिएका राजनीतिक दलहरूको कमजोरी उनीहरूको भ्रष्टाचार मोह र अकर्मण्यता मात्र होइन, अधिनायकवादी र गैरलोकतान्त्रिक चरित्र पनि हो। निरंकुशतावादीलाई आज कडा आलोचना गरिरहेका राजनीतिक दलहरू स्वयं लोकतान्त्रिक छैनन्। राजनीतिक दलहरूको लोकतन्त्रप्रतिको कृत्रिम निष्ठा र निरंकुशता मोहले पनि राजतन्त्रका पक्षधरहरूका लागि सकारात्मक वातावरण निर्माण गरेका छन्।

यो लेखमा लोकतन्त्रका पक्षधर भनिएका राजनीतिक दलका नेताका चिन्तन र व्यवहारमा निहित त्यस्ता केही पक्षको चर्चा गर्नेछु जसका कारण आज निरंकुशतावादीले लोकतान्त्रिक प्रणालीमाथि प्रहार गर्ने साहस बटुलेका छन्।

### १. सञ्चार माध्यमप्रतिको अविश्वास

नेपालका कतिपय कुरा यसका विशाल छिमेकी चीन र भारतको भन्दा उन्नत र गर्व गर्न लायक छन्। त्यसमध्ये एउटा हो – सशक्त सञ्चार माध्यम।

चीनको राज्य नियन्त्रित सञ्चार माध्यम वा भारतको प्रधानमन्त्री नरेन्द्र मोदी र भारतीय जनता पार्टी (भाजपा) नियन्त्रित सञ्चार माध्यमका तुलनामा नेपालको सञ्चार माध्यम स्वतन्त्र छ, निडर छ।

तर नेपालका नेताले आफू सत्ता वा शक्तिमा हुँदा सञ्चार माध्यमको हुर्मत लिन प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सकेसम्म प्रयत्न गरेका छन्।

'सञ्चार माध्यम विदेशीको सहयोगबाट सञ्चालित छन्' र 'उनीहरू षड्यन्त्रका एजेन्डाबाट निर्देशित छन्' भन्ने भाष्य कार्यकर्ताहरू मार्फत् घनीभूत रूपमा फैलाउन विशेषगरी एमालेका नेता तथा अहिलेका प्रधानमन्त्री मात्र नभएर अरू दलका नेताले समेत प्रशस्त मेहनत गरेका छन्। आफ्ना विरोधी ठहऱ्याइएका मूलधारे सञ्चार माध्यम तथा तिनका पत्रकार-सम्पादकलाई बदनाम गर्न राजनीतिक पार्टीका कार्यकर्ता सामाजिक सञ्जाल मार्फत् परिचालन गर्ने प्रवृत्ति राजनीतिक दलहरूमा व्यापक छ।

आफ्नो वा सरकारको समर्थन नगरेका कारण सम्पादकहरूलाई '१२ भाइ' नाम दिएर बदनाम गरिएको छ। आफ्नो पक्षमा आएका सूचना र विचारलाई निष्पक्ष पत्रकारिताका रूपमा व्याख्या गर्ने र आफूलाई आलोचना गर्ने सञ्चार माध्यमको सम्पादकीय धारलाई षड्यन्त्र भनेर आम मानिसलाई सञ्चार माध्यम विरूद्ध भड्काउने प्रवृत्तिले राजनीतिक दलमा जरा गाडेको छ।

सञ्चार माध्यमप्रति राजनीतिक दलको दुराग्रह षड्यन्त्र सिद्धान्त फैलाउनमा मात्र सीमित छैन, सञ्चार गृहमाथि 'लोकतान्त्रिक' सरकारले कतिपय सन्दर्भमा बल प्रयोग समेत गरेको छ। सरकारको जिम्मेवार भूमिकामा रहेका मानिसहरूले सम्पादक र पत्रकारमाथि आक्रमण गरेका प्रशस्त उदाहरण छन्। सञ्चार गृहमाथि आक्रमण गर्ने सन्दर्भमा सञ्चार गृह र त्यसका लगानीकर्ताका बारेमा कार्यकर्ता मार्फत् दलहरूले नियोजित रूपमा अफवाह फैलाएका छन्।

मूलधारका सञ्चार माध्यमप्रतिको दुराग्रह तथा उनीहरू विरुद्ध नियोजित रूपमा फैलाइएका अफवाहका कारण सामाजिक सञ्जालमा फैलिने अतिरञ्जित कन्टेन्ट र 'मिसइन्फर्मेसन' प्रति आम मानिसको भरोसा बढेको छ। मूलधारे मिडियामा सत्य, तथ्य नआउने बुझाइमा मानिसहरू टिकटक वा युट्युबका 'फेक न्युज' र षड्यन्त्रका सिद्धान्तहरूमाथि विश्वास गरिरहेका छन्। निरंकुशताको पक्षमा आन्दोलन गरिरहेका पञ्चहरूले यसको भरपूर फाइदा उठाइरहेका छन्।

### २. धार्मिक राष्ट्रवादप्रतिको मोह

आज सडकमा आन्दोलन गरिरहेका निरंकुशतावादी पञ्चको मूल अस्त्र धार्मिक राष्ट्रवाद हो। उनीहरू धर्म र संस्कृति असुरक्षित भएको त्रास देखाएर मानिसहरूलाई सडकमा ल्याउन चाहन्छन्। धर्मलाई राज्यको संरचनासँग जोड्ने उनीहरूको चाहना यही अभिप्रायबाट निर्देशित छ।

तर, धार्मिक आस्थालाई राजनीतिक स्वार्थसँग भजाउने पञ्च मात्र होइनन्। राजनीतिक दलका नेताहरू र विशेष गरी एमालेका नेताले आफ्नो फाइदाका लागि धार्मिक राष्ट्रवादलाई सकेसम्म प्रयोग गर्न खोजेका छन्। प्रधानमन्त्री केपी ओलीले ठोरीमा रामको जन्मभूमि भेट्टाउनुको कारण यही थियो। जगमान गुरूङ विद्वान ठहरिनुको कारण यही थियो।

एमाले मात्र नभएर कांग्रेसका नेताहरूले पनि दलको चुनाव होस् वा आम निर्वाचनका बेला, मतदाता फकाउन धर्म र राष्ट्रका बारेमा विवादास्पद कुरा बोलेका छन् र आम जनतालाई भ्रमित बनाएका छन्। राजनीतक दलहरूको संकीर्णता र सत्ता स्वार्थका कारण नेपालको संविधानमा रहेको धर्म निरपेक्षताको सपाट प्रबन्धमा अहिले अनावश्यक विवाद खडा गरिएको छ।

राज्यलाई धर्मसँग मिसाउने प्रवृत्ति अधिनायकवादको विश्वव्यापी चरित्रभित्र पर्ने कुरा हो। मानिसहरूलाई धर्ममा भुलाएर निरंकुश शासकले आफ्नो शक्ति र सत्ता बलियो बनाएका छन्। नेपाललाई हिन्दु राष्ट्र घोषणा गर्ने महेन्द्र शाहको कदम यही उद्देश्यको उपज थियो। नेपालका राजनीतिक दलका नेताहरूले यसको संवदेनशीलता बुझ्न सकेका छैनन् र स्वयं धार्मिक आस्थालाई सत्ताको भऱ्याङ बनाउन लालायीत देखिएका छन्।

राजनीतिक दलहरूले संविधानमा विद्यमान धर्म निरपेक्षताको इमानदार व्याख्या गर्न नसक्नु र यसको उल्टो पञ्चायती राजाहरूको शैलीमा धार्मिक राष्ट्रवादप्रति मोह देखाउनुले निरंकुशतावादीलाई सहज वातावरण निर्माण भएको छ। संविधानको धर्म निरपेक्षताको अपव्याख्या गर्दै भारतका प्रधानमन्त्री मोदी र मुख्यमन्त्री आदित्यनाथले झैं बहुसंख्यक हिन्दुहरू संकटमा परेको भनेर पञ्चहरूले गरेको प्रचारमा राजनीतिक दलका कार्यकर्ताको मत मिलेको छ। राजनीतिक दलहरूको संकीर्णता र सत्ता स्वार्थका कारण राज्य र धर्मबीचको सम्बन्ध धमिलो हुँदा निरंकुशतावादीले खेल्ने मौका पाएका छन्।

### ३. नागरिक समाजप्रतिको वक्रदृष्टि

लोकतान्त्रिक शासन प्रणाली प्रभावकारी रूपमा चल्न सरकार मात्र पर्याप्त हुँदैन। यसमा अन्य विभिन्न क्षेत्रका अतिरिक्त नागरिक समाजको पनि सशक्त भूमिका आवश्यक हुन्छ। नागरिकको सक्रिय सहभागिताले लोकतान्त्रिक पद्धति सार्थक र जीवन्त बन्ने हो। नागरिकले सरकारका कमीकमजोरी देखाउनु र विरोध गर्नु वास्तवमा सरकारलाई नै सहयोग गरेको हो। तर यति सहज कुरा शक्ति र सत्ताको अहंकारबाट ओतप्रोत नेपालका राजनीतिक दलका नेताको मस्तिष्कमा अहिलेसम्म छिर्न सकेको छैन।

नेपालका राजनीतिक दल जब सत्तामा पुग्छन् तब उनीहरूलाई लाग्छ उनीहरू सबै कुराले पूर्ण छन्, उनीहरूसँग सबै समस्याको समाधान छ र कुनै कमी कमजोरी छैनन्। त्यसैले सडकमा निस्किएर सरकारका गलत कामहरूमा प्रश्न उठाउने वा विरोध गर्ने जोसुकैप्रति उनीहरूको वक्रदृष्टि रहने गरेको छ। सरकारको विरोध गर्ने सबै उनीहरूका शत्रु बन्ने गरेका छन्।

नागरिक आवाजलाई आफूविरूद्धको षड्यन्त्रका रूपमा बुझ्ने, उनीहरूलाई विरोध, प्रदर्शन गर्न नदिने, गरिहाले त्यसलाई रोक्न बल प्रयोग गर्ने र नागरिकले गर्ने शान्तिपूर्ण प्रदर्शन खुम्च्याउन निषेधित क्षेत्रको दायरा निरन्तर बढाउँदै लैजाने तौरतरिकालाई राजनीतिक दलले आफ्नो बुद्धिमत्ता ठानेका छन्।

न्याय र समानताको पक्षमा आवाज उठाउँदा खगेन्द्र संग्रौला, हिमा बिष्ट, सञ्जीव उप्रेती, नारायण वाग्ले आदि विभिन्न मानिसहरूमाथि राजनीतिक दलका कार्यकर्ताले निरन्तर गरिरहने आक्रमणमा राजनीतिक दलका नेताको प्रत्यक्ष साथ र सहयोग छ। हालसालै मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यमाथि सामाजिक सञ्जालमा भएका आक्रमणमा निरंकुशतावादीको मात्र नभएर, लोकतान्त्रिक भनिएका राजनीतिक दलका कार्यकर्ता पनि संलग्न थिए। सामाजिक सञ्जालमा नागरिक समाजका प्रतिनिधि पात्रमाथि निरन्तर आक्रमणमा संलग्न दलका कार्यकर्ता ठूला नेताको भान्सा र शयन कक्षसम्म पुगेर फोटो खिचाउन सफल हुनु केबल संयोग मात्र अवश्य होइन।

नागरिकले गर्ने शान्तिपूर्ण र स्वस्फूर्त विरोध, प्रदर्शन रोक्दा र नागरिक आवाजलाई निरन्तर बेवास्ता गर्दा आम मानिसमा राजनीतिक दलहरूप्रति असन्तुष्टि चुलिएको छ। यो असन्तुष्टिले हिंसात्मक स्वरूप लिइरहेको छ र यसको प्रत्यक्ष लाभ निरंकुशताको माग गर्ने पूर्वपञ्चहरूले उठाइरहेका छन्।

### ४. संघीयताप्रतिको अविश्वास

निरंकुशतावादी आन्दोलनको एक प्रमुख माग संघीयताको खारेजी छ। यो माग निकै गम्भीर छ र यस पछाडिको अर्थ राजनीति उत्तिकै जटिल छ। यसको चर्चाका लागि नेपालमा संघीयतालाई किन र कसरी शासन प्रणालीका रूपमा अपनाइयो भन्ने विस्तृत व्याख्यामा जानुपर्ने हुन्छ। अहिले यो लेखको प्रसंगमा सीमित रहेर संघीयताका बारेमा भइरहेका दुष्प्रचारमा राजनीतिक दलको भूमिका हेरौं।

नयाँ संविधान मार्फत् स्थापित संघीय प्रणालीलाई कार्यान्वयन गर्ने जिम्मेवारी अहिलेका राजनीतिक दल र तिनका नेताको थियो। संघीयता उनीहरूकै समझदारी र सम्झौताको परिणाम हो। तर संघीय प्रणालीलाई क्रियाशील बनाउनमा भूमिका खेल्नु त परको कुरा, अहिलेका बारम्बार सरकारको नेतृत्व गर्ने राजनीतिक दलका सबै नेताले संघीय प्रदेशलाई प्रभावकारी हुन नदिन आफ्नो तर्फबाट सक्रिय भूमिका निर्वाह गरे र गरिरहेका छन्।

आम जनताको स्वशासनको अधिकार उपयोग गर्न भनेर स्थापना गरिएका प्रदेशलाई प्रभावकारी बनाउन तिनका क्षेत्राधिकार स्पष्ट बनाउने, आर्थिक स्रोत उपलब्ध गराउने र आफ्नो प्रशासकीय संरचना निर्माण गर्न दिने आधारभूत जिम्मेवारीमा राजनीतिक दल र तिनका नेताको रूचि कहिल्यै देखिएन। प्रदेशलाई केन्द्रको सत्ता लेनदेनको 'डम्पिङ साइट' बनाइयो र प्रदेशलाई नियोजित रूपमा कमजोर बनाइयो।

'नेपालजस्तो सानो देशमा प्रदेशको काम छैन', 'प्रदेशका कारण सरकारको खर्च बढेको छ', 'प्रदेश बलियो भए देश टुक्रिन्छ' भन्नेजस्ता अफवाहलाई संविधानको कार्यान्वयन गर्ने भूमिकामा रहेका संविधानका पक्षधर राजनीतिक दल र तिनका नेताहरूले नै मलजल गरिरहेका छन्। ठूला दलका ठूला नेताका सामाजिक सञ्जाल सारथिहरू दिनरात संघीयताका विषयमा दुष्प्रचार फैलाउन क्रियाशील हुनुले संघीयताप्रति राजनीतिक दलहरूको अनिच्छालाई राम्रोसँग दर्शाइरहेको छ।

प्रदेश मात्र होइन, केन्द्रीकृत र अधिनायकवादी चिन्तन बोकेका कारण दलहरूले गाउँ तथा नगरपालिकाहरूलाई समेत आवश्यक अधिकार दिन चाहेका छैनन्। पालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई विभिन्न महत्वपूर्ण जिम्मेवारी दिने र हरेक पालिकामा प्रमुख प्रशासकीय अधिकृत केन्द्रको मन्त्रालयले नै पठाउनुपर्ने प्रबन्ध पालिकाहरूमाथि केन्द्रको अनावयक नियन्त्रणको उदाहरण हो।

यसको परिणाम स्पष्ट छ – कमजोर प्रदेश तथा स्थानीय सरकार देखाएर निरंकुशतावादी र केन्द्रीकृत सोच भएका पूर्वपञ्चहरूले संघीयतालाई तारो बनाएका छन् र यसमाथि निरन्तर तीर चलाइरहेका छन्। संघीयतालाई आलोचना गर्दा नै उनीहरूको जनमत बढिरहेको छ।

### ५. झुटा आश्वासन, विकासका खोक्रा नारा

सकारात्मक परिवर्तन नेपालको आवश्यकता अवश्य हो। नेपाललाई विकासको खाँचो छ। राम्रा बाटाघाटा, पुलपुलेसा, हवाइअड्डा चाहिएको छ। कलकारखाना र उद्योगधन्दाको विकास हुन सके देशको विकासले गति लिन सक्छ भन्ने अपेक्षा आम मानिसहरूमा छ।

सार्वजनिक सेवाको पहुँच र गुणस्तरमा सुधारको ठूलो आवस्यकता छ।

गरिबी र अविकासको बहुआयामिक चक्र र साधनस्रोतको सीमितता झेलिरहेको नेपालमा राजनीतिक दलले हचुवामा नभई गम्भीर भएर परिवर्तनको रूपरेखा तय गर्नुपर्ने चुनौती छ। आम जनताका अपेक्षालाई देशको आवश्यकतासँग कसरी जोड्ने? देशमा उपलब्ध सीमित स्रोतलाई सकारात्मक परिवर्तनका लागि सकेसम्म प्रभावकारी ढंगले कसरी उपयोग गर्ने? उचित र अनुचित अपेक्षालाई कसरी छुट्ट्याउने? सकारात्मक परिवर्तनका प्राथमिकताबारे आम जनतासँग स्पष्ट रूपमा कसरी संवाद गर्ने?

यी प्रश्नहरूमाथि उनीहरूले गम्भीर भएर विचार विमर्श गर्नुपर्छ।

तर नेपालका राजनीतिक दल र त्यसका ठूला नेता हावादारी सपना बाँड्न; त्यसका आधारमा चुनाव जित्न र चुनाव जितेपछि पनि सम्भव नहुने र देशका लागि बिल्कुलै असान्दर्भिक परियोजनाका बारेमा मानिसलाई आश्वासन बाँड्नमा माहिर छन्। बुलेट ट्रेन, नेपाली झन्डा फहराएका पानी जहाज, घरघरमा पाइपबाट खाना पकाउने ग्यासको वितरण; यस्तै हावादारी योजनाका केही उदाहरण हुन्।

पूरा हुनै नसक्ने सपना आम जनतालाई बेचेर चुनाव जित्ने र आफ्ना आश्वासनका बारेमा जबाफदेयी नहुने राजनीतिक दलको प्रवृत्तिले विकासका बारेमा गलत अपेक्षा स्थापित गरिदिएको छ। आज व्याप्त आम निराशा र दलहरूप्रतिको घृणाको एउटा कारण पूरा हुन नसकेका आश्वासन पनि हुन्, जसको प्रत्यक्ष लाभ निरंकुशतावादीले उठाइरहेका छन्।

### ६. संविधान संशोधनको हचुवा प्रक्रिया

संविधान परिवर्तनशील दस्तावेज अवश्य हो। यसमा देशको आवश्यकता अनुसार समय समयमा परिमार्जन हुनु स्वाभाविक छ। संसारका सबै लोकतान्त्रिक देशहरूमा संविधानका धारा वा तिनको व्याख्या परिमार्जन गरिएका छन्।

यस्तो भए पनि संविधान संशोधनको प्रक्रियाका निश्चित राजनीतिक तथा नैतिक मापदण्ड हुन्छन्।

परिमार्जन किन वा कुन उद्देश्यले गरिने हो, परिमार्जनबाट के-कस्ता सकारात्मक परिणाम हासिल हुन्छ? संशोधन चाहनेले यी प्रश्नको जबाफ प्रस्ट रूपमा आम जनतालाई दिन सक्नुपर्छ। संविधानमा गरिने वा गर्न लागिएको संशोधनका बारेमा राजनीतिक दलमा मात्र नभएर नागरिकको तहमा पनि छलफल र बहस हुनुपर्छ।केपी ओली र शेरबहादुर देउवाबीच अहिलेको गठबन्धन सरकार बनाउने सन्दर्भमा संविधान संशोधन गर्ने सम्झौता भएको भनिएको छ। यद्यपि, यसबारे प्रस्ट जानकारी आम मानिसलाई दिन सम्बन्धित दलहरूले आवश्यक ठानेका छैनन्। गोप्य राखिएको संविधान संशोधन कसको स्वार्थमा, किन र कसरी भन्ने विषयमा आम मानिस अन्योलमै छन्।

नयाँ संविधान राम्रोसँग कार्यान्वयनमा नआउँदै संशोधनको हल्ला चल्नु र समग्र प्रक्रियालाई गुपचुप राखिनुले मानिसहरूमा यसको औचित्य र परिणामका बारेमा आशंका बढेको छ। यसका अतिरिक्त संविधान संशोधनको हल्लाले यो संविधान र यसमा विद्यमान विभिन्न लोकतान्त्रिक अवधारणालाई नरूचाउनेहरूले यसका विरूद्ध संगठित हुने अवसर आएको महसुस गरेका छन्। एकातिर संविधान संशोधनको हल्ला चल्नु र अर्कातिर निरंकुशताका समर्थकहरू सडकमा उत्रिनुले षड्यन्त्रका सिद्धान्तलाई समेत मलजल गरेको छ।

### ७. नारा लोकतन्त्रको, ढर्रा निरंकुश

२०७२ मा जारी भएको नेपालको संविधानको मर्म निरंकुशताको आमूल अन्त गर्दै लोकतान्त्रिक र समावेशी प्रणालीको स्थापना गर्ने हो। यसका लागि राज्यको संरचना र शासन प्रणालीलाई लोकतान्त्रिक तथा समावेशी बनाउने त छँदैछ, कानुन वा विधिविधानमा नलेखिएका राज्य चलाउने तौरतरिकालाई पनि लोकतान्त्रिक बनाउन आवश्यक हुन्छ।

तर नयाँ संविधान जारी भइसकेपछि पनि नेपालका राजनीतिक दलको ढर्रामा कुनै परिवर्तन देखिएको छैन। सत्ता र शक्तिमा रहेका बेला आफूलाई 'राजा' ठान्ने, आम जनताका अगाडि सर्वज्ञानी भएजस्तो गरेर गफ लगाउने, अरूलाई बोल्न नदिने, अरूका कुरा नसुन्ने र संसारका सबै मानसम्मानका लागि आफूलाई लायक ठान्ने नेपाली नेताका बकम्फुसे ढर्राबाट आम मानिस आज वाक्क भएका छन्।

कतिपय सन्दर्भमा त यस्ता ढर्राले सीमा नाघेका पनि छन्। राष्ट्रपतिको सवारी चलाउने नाममा सुरक्षा निकायले सडकमा मच्चाएका आतंक र प्रधानमन्त्रीलाई कालो झण्डा देखाएको भनेर मानिसहरूमाथि गर्ने धरपकड नेपालका राजनीतिक दलका नेताका अहंकारी चरित्रका ती उदाहरण हुन् जसले जनताको स्थान सर्वोच्च रहने लोकतन्त्रको मर्मको खिल्ली उडाइरहेका छन्।

काठमाडौंका सरकार चलाउनेका आवाज कर्कश र ढाँचाढर्रा लज्जास्पद त छँदैछन्। यही प्रवृत्ति वनमारा झारजस्तो स्थानीय स्तरसम्म फैलिएको छ। स्रोताभन्दा बढी अतिथि मञ्चमा राखेर हास्यास्पद कार्यक्रम गर्ने, पिर्कामा उभिएर प्रहरीको सलामी लिने अनि ठाउँकुठाउँ घन्टौं बेतुकका भाषण गर्ने राजनीतिक दलहरूमा फैलिएको रोगले लोकतन्त्रलाई भद्दा मजाक बनाइरहेको छ। यसबाट आम मानिस आजित छन् र लोकतन्त्रप्रतिको आस्था र सम्मानमा यसले प्रशस्त क्षति पुऱ्याएको छ। लोकतान्त्रिक प्रणाली सम्झौताको विषय हुन सक्दैन। लोकतन्त्र र यससँग जोडिएका राजनीतिक अधिकार, अभिव्यक्तिको स्वतन्त्रता, सामाजिक न्याय, समानता र समावेशिता आदिको औचित्यमाथि प्रश्न गर्नु भनेको प्रश्न गर्ने अधिकारमाथि नै प्रश्न गर्नु हो। त्यसैले, पञ्चहरूले प्रस्तुत गरेको राजतन्त्र पुनर्स्थापनाको समाधान आफैमा हास्यास्पद र विसंगतिपूर्ण छ।

आम जनता सडकमा निस्किने लोकतन्त्रको माग लिएर हो। 'मेरो अधिकार कम गरिदेऊ' भनेर कोही सडकमा निस्किँदैन। त्यसैले निरंकुशताको पक्षमा हुने सडक प्रदर्शन या प्रायोजित हो या निश्चित असन्तुष्टिको अभिव्यक्ति!

तर आज हामीले एउटा महत्त्वपूर्ण प्रश्न बेवास्ता गर्न मिल्दैन।

त्यो हो – आफूलाई लोकतन्त्रवादी भन्ने दलहरू आफैमा भने कति लोकतान्त्रिक छन्?

राजनीतिक दल र तिनका नेताका चरित्रको मूल्यांकन गर्दा सहजै देखिने कुरा के हो भने दलहरूमा लोकतान्त्रिक चिन्तन र संस्कारको व्यापक अभाव छ। उनीहरू नाममा लोकतान्त्रिक छन् तर व्यवहारमा उनीहरूलाई निरंकुशता प्यारो छ।

त्यसैले लोकतन्त्र जोगाउने जिम्मा राजनीतिक दललाई मात्र दिएर पुग्दैन। यसका लागि नागरिकले पनि सक्रिय भूमिका खेल्नुपर्छ। नाम र कर्म दुवैले निरंकुशताका पक्षपाती पूर्वपञ्च र नामले लोकतान्त्रिक तर व्यवहारमा निरंकुश नेपालका राजनीतिक दलहरूलाई सिद्धान्त र व्यवहार दुवैमा लोकतान्त्रिक बन्न बाध्य बनाउने नागरिक समाजको भूमिका आज थप महत्त्वपूर्ण बनेको छ।निरंकुशतावादीहरूले राजनीतिक दलको कमजोरीलाई तानाशाही स्थापना गर्ने अवसरका रूपमा उपयोग गर्न प्रयास गरिरहँदा लोकतन्त्रका पक्षधरहरूले राजनीतिक पार्टीका निरंकुशताका बारेमा आवाज उठाउनुपर्ने आवश्यकता छ।

# केको विकल्प ? कस्तो विकल्प ?



• रेवतीप्रसाद भुसाल

आमनागरिक हुनु परेकोमा कुण्ठित समूहको आह्वान र आयोजनामा भएको अराजक आन्दोलनले गणतन्त्रको विकल्पमा राजतन्त्रलाई प्रस्तुत गरेको छ । फागुन २५ गतेको नारा र असङ्गठित तथा आकस्मिक जुलुसबाट उत्साहित आयोजकले मृततन्त्र छिट्टै जीवित गराउन सकिने ठानेर नै होला चैत १५ गते तीनकुने र त्यस वरपर हत्या, आगजनी, तोडफोड र लुटपाटको विध्वंस मच्चायो । गणतन्त्र र लोकतन्त्रविरोधीलाई पनि स्पेस दिन यो सरकार उदार छ भन्ने देखाउन खोज्दा देशले ठुलो क्षति भोग्नु परेको मात्र नभई कलकलाउँदो उमेरका दुई उर्वर मानव जीवनको अन्त्य भयो । अहिले समाचारपत्रहरूमा दृष्टिकोण वा विचार पस्किने बुद्धिजीवी वा श्रव्य तथा श्रव्यदृश्यमा विश्लेषण उमाल्ने विश्लेषकको एउटै स्वर सुनिन्छ- गणतन्त्रका नेताहरूको कमजोरी र कुशासनका कारण मृत राजतन्त्रले टाउको उठाएको हो । गणतान्त्रिक नेता बदलिएनन् वा नवीन नेतृत्व विकसित हुन पाएन भने लोकतन्त्रले दुर्घटना बेहोर्न पनि सक्छ । त्यो दुर्घटनाले निम्त्याउने सम्भावनाभित्र मृततन्त्र पनि पर्छ । जस्तो नियतले यस्ता विचार वा विश्लेषण गरिएको भए पनि यस्ता विचार सबै प्रायोजित हुन भन्न मिल्दैन ।

नेपालमा वैकल्पिक राजनीतिक शब्दको टङ्कण २०७३ सालमा डा. बाबुराम भट्टराईले गर्नुभएको हो । वैकल्पिक राजनीति शब्द सुन्दा मलाई अनौठो लाग्छ किनभने राजनीति भनिने क्रिया या नीतिभित्र विकल्प सधैँ उपलब्ध हुन्छ, त्यो लोकतान्त्रिक हो भने । विकल्पहीन त पञ्चायत, कम्युनिजम वा यस्तै सर्वाधिकारवादी शासन मात्र हुन्छन् । तैपनि बाबुराम जस्तो विद्वान् व्यक्तित्वबाट यो शब्द टङ्कण भइसकेपछि नेपालमा यसको प्रयोगको लहर नै चल्यो । हुन त बाबुरामले २०७३ मा नयाँ शक्ति पार्टी गठन गर्नुभन्दा पहिले २०७१ सालमा उज्ज्वल थापाले फरक शैली र संस्कारको विवेकशील नेपाली दल गठन गर्नुभएको थियो । बहसको सुरुवात भने बाबुरामबाट २०७३ सालमा भयो ।

२०७४ सालमा बिबिसी नेपाली सेवाबाट अवकाश लिएपछि रवीन्द्र मिश्रले साझा पार्टीको गठन गर्नुभयो । उहाँ पनि वैकल्पिक पार्टी भन्दै नेपाली राजनीतिमा प्रवेश गर्नुभएको हो । उल्लेख गरिएका यी तीन वटै पार्टीका नेतालाई वैकल्पिक भनिने पार्टी गठन गर्ने उत्साह भने भारतमा सन् २०१२ मा आमआदमी पार्टीको गठन र सन् २०१३ मा त्यो पार्टीले दिल्लीको विधान सभा चुनावमा पाएको सफलताले दिलाएको हो । यी तीन पार्टीका नेता जति उत्साहित भएर पार्टी स्थापना गर्नुभयो, दिल्लीमा आमआदमी पार्टीले तत्काल पाएको सफलता जस्तै नेपालमा सफलता प्राप्त गर्न नसक्दा उहाँहरूमा तत्काल नै विचलन आयो । अहिले तिनै पार्टी अस्तित्वमा छैनन् । बाबुराम भट्टराईले समाजवादी पार्टी बनाउनुभएको छ । रवीन्द्र मिश्रले राजनीतिक विचारलाई नै त्याग्दै राजतन्त्रलाई विकल्प देख्नुभयो । उज्ज्वल थापाको देहावसान भइसकेको छ ।

विसं २०७९ को आमनिर्वाचनलाई निसानामा राखेर रवि लामिछानेले राष्ट्रिय स्वतन्त्र पार्टी गठन गर्नुभयो । उहाँ पनि पुराना पार्टी दोषको भारीले थिचिएका तथा आफूहरू दोषरहित र सबैभन्दा जान्ने बुझ्ने भएको घोषणा गर्दै विकल्पका रूपमा नै प्रस्तुत हुनुभएको थियो । उहाँहरूको वैकल्पिक विचार के थियो त्यो त नेपाली जनताले आजसम्म थाहा पाएका छैनन् । रविको आक्रामक तर अमर्यादित पत्रकारिताले अर्धशिक्षित र नकारात्मकताप्रिय जमातमा बनाएको लोकप्रियताको जगमा बनेको पार्टी २०७९ को निर्वाचनमा अकस्मात् संसद्को चौथो शक्ति बन्न पुग्यो । जनताले दिएको त्यो शक्ति रविले सदुपयोग गर्नुभयो कि दुरुपयोग, त्यो सबैसामु प्रस्ट भएकाले त्यसमा अहिले टिप्पणी गर्नुपर्ने आवश्यकता परेन ।

प्रजातान्त्रिक प्रणालीमा विकल्प सधैँ खुला हुन्छ । हमेसा विकल्प तयार भएर बस्नु नै प्रजातन्त्रको विशेषता हो । एकदलीय, निर्दलीय तथा अधिनायकवादी प्रणालीमा मात्र विकल्प निषेधित हुन्छ । विकल्प हरेक कुराको हुन्छ । व्यक्ति, शासनप्रणाली, नीति, संस्कार, शैली, राजनीतिक विचार, हिंसा, दुष्कर्म वा दुश्चरित्र प्रायः सबै विषयको विकल्प हुन्छ । अहिलेको विज्ञानले मानव बुद्धिको विकल्प खोजी गरेर प्रयोगमा ल्याइसक्यो यद्यपि त्यो मानवनिर्मित नै भए पनि । पृथ्वी, जल, तेज, वायु, आकाशबाहेक अरू कुराको विकल्प छैन वा हुँदैन भन्न सकिँदैन । जब राजनीतिको कुरा आउँछ, हेक्का राख्नु पर्छ कि कुन तत्वको विकल्पको आवश्यकता छ ? समयले वा राजनीतिले कस्तो विकल्पको माग गरेको छ ? त्यसलाई बुझ्नु र त्यस्तो विकल्प दिनु राजनीतिक दल र दलका नेताको ज्ञान, विवेक र समझदारीमा भर पर्छ ।

ताजा घटना छ, क्यानडामा १० वर्षसम्म लगातार प्रधानमन्त्रीको पदमा आसीन जस्टिन ट्रुडोले आफ्ना कारणले पार्टीको लोकप्रियता घटेका कारण पदावधि बाँकी छँदै प्रधानमन्त्री पद र पार्टीको नेताबाट राजीनामा गरी नयाँ नेता निर्वाचित गर्न बाटो खुला गरिदिए । फलस्वरूप मार्क कार्नी नयाँ प्रधानमन्त्री नियुक्त भए । अहिले सर्वेक्षणले देखाएका छन् लिबरल पार्टीले आफ्नो जनाधार पुनः प्राप्त गरेको छ । मेमा हुने निर्वाचनमा पुनः सत्तामा आउने बलियो सम्भावना देखिएको छ । समयले एक खालको विकल्प माग गरेको छ, त्यसको बदला अर्को वा विपरीत विकल्प प्रस्तुत भयो भने त्यो नेता र राजनीतिक दल असफल बन्छ ।

संसद्देखि सडकसम्म अहिले राजनीतिक अस्थिरताका कारण देशले प्रगति गर्न नसकेको, सुशासन कायम हुन नसकेको भाष्य बनाइएको छ । सर्वत्रको यो कोलाहलले आममानिस पनि शासनको अस्थिरताका कारण नै नेपालका सबै सम्भावना अवरुद्ध भएको भ्रममा छन् । नेपाल अत्यधिक स्थिरता, तलाउको पानी जमेको जस्तो स्थिरताले जड बनेको छ । नेपालमा छ महिनादेखि एक वर्षभित्र प्रधानमन्त्री परिवर्तन हुनैपर्ने चक्रीय स्थिरता छ । त्यसमा पनि तीन जना व्यक्तिको मात्र आलोपालोको चक्र छ । प्रधानमन्त्री र प्रतिपक्ष दलका नेता साटफेर हुने । यिनीहरूको काममा पनि स्थिरता छ । आफू हुनासाथ पूर्ववर्तीमाथि देशमा केही काम नभएको, सुशासन कायम हुन नसकेको दोष थोपर्ने । उनीहरूलाई आफ्ना वरिपरिका घुमन्ते पछुवालाई 'आकर्षक' भनाउँदा स्थानमा स्थापित गराउँदैमा पालो सिद्धिन्छ । अन्य काम त सोच्न पनि सक्दैनन् । सोचिहाले वा कसैले सम्झाइदियो भने कार्यान्वयन हुन नसक्ने तर लोकप्रिय लाग्ने भाषण सुनाउने र निर्देशन दिने गरिसकेपछि जिम्मेदारी सम्पन्न भएको महसुस गर्छन् ।

सुशासनको माला जप्ने कुशासनले देश थिलथिलो हुने नियमितता नै भएको छ । स्वार्थ बाझिने मन्त्रालय तथा नियामक निकायमा मन्त्री र अन्य पदाधिकारीको नियुक्ति विषयविज्ञ भनी परिभाषित हुन्छ । यति धेरै जडता र स्थिरता सर्वाधिकारवादी शासनमा बाहेक अन्यत्र पाउन दुर्लभ हुन्छ तर पनि भनिँदै छ राजनीतिक अस्थिरताले काम हुन पाएन ।

चौथो अङ्ग, अहिले सामाजिक सञ्जाल तथा अनलाइन चल्ने पीत पत्रकारिता र मिसन पत्रकारिताका कारण मूलधारको विश्वसनीय सञ्चार माध्यम नै अप्ठ्यारोमा परेको छ । भ्रामक समाचारको प्रचुरता र व्यापक प्रसारले सत्यतथ्य समाचारप्रति पनि संसय गर्ने प्रवृत्ति वृद्धि भएको छ । सामाजिक सञ्जालको प्रदूषणबाट प्रदूषित मतदाताले कहिलेकाहीँ गलत निर्णय गर्छन् भने पनि तिनको नियतमा शङ्का गरिनु हुँदैन ।

स्थिर र दुर्गन्धित पोखरीमा ढुङ्गाको प्रहारबाट तरङ्ग निकाली वायुमण्डल थप दुर्गन्धित बनाउने विकल्पको माग नेपाली जनताको हुन सक्दैन । न त फोहोरको थुप्रोमा आफ्नो दुर्गन्धित चरित्र र कृत्य लुकाउन गरिने बेइमानीलाई विकल्पको राजनीति भनेर स्वीकृति प्राप्त हुन सक्छ । निश्चित नै अहिले नेपाली जनताले विकल्प खोजेका छन् । त्यो पार्टी वा व्यक्तिको मात्र विकल्पको माग होइन न त सङ्घीय लोकतान्त्रिक गणतन्त्रको विकल्पको माग हो । नेपाली जनताको उत्कट अभिलाषा कुसंस्कार र कुशासनयुक्त राजनीतिको विकल्पको माग हो । त्यस्तो राजनीति जसमा छलकपट नहोस्, भ्रष्टाचार नहोस्, सुशासन कायम होस् । सहिष्णुता होस्, प्रतिशोधको भावना नहोस् । पक्षधरता नहोस्, पारदर्शिता होस् । जनतालाई सुगा जस्ता कार्यकर्ता बनाउन चतुऱ्याइँ गर्ने नेतृत्व पैदा नगरोस्, असल र खराब छुट्याएर निर्णय गर्न सक्ने विवेकशील नागरिक बन्न प्रेरित गरोस् । लोकतन्त्र वाणीमा मात्र नहोस्, व्यवहार र कार्यपद्धतिमा रूपान्तरित होस् । नेपाली जनताले खोजेको विकल्पको चरित्र यो नै हो ।

राजनीति जनताबाट निर्मित र जनताबाटै सम्पादन गरिन्छ । वंश परम्परा अन्तर्गत विशिष्ट स्थान हासिल गरी जनताभन्दा भिन्न र शासकीय विशेषाधिकार, प्रश्न गर्न नमिल्ने दुई नम्बरी धन्दाको विशेषाधिकार, अनतिक्रम्य सम्पत्तिको विशेषाधिकार जस्ता विशिष्ट मानव आधुनिक, सभ्य र लोकतान्तिक प्रणालीले सिर्जना गर्दैन । सभ्य संसारमा कहीँकतै यस्तै परम्पराबाट आएको वंशलाई स्थान दिएको छ भने पनि ती जीवित सङ्ग्रहालय तथा सौन्दर्य साधन जस्ता भएर रहेका छन् । देश बचाउने र बिगार्ने अधिकार तिनले राख्दैनन् ।

शासन गर्ने तरिका र नीतिलाई राजनीति भनिन्छ । राजनीति मानिसका लागि मानिसले गर्दछन् । त्यसैले राजनीतिमा मानिसको छनोट अथवा नेता वा प्रतिनिधिको छनोट महत्वपूर्ण हुन्छ । मानिसको छनोट कठिन काम हो । कुनै मानिसको नियत वा भित्री उद्देश्य के छ त्यो तत्काल बुझ्न सामान्य मानिसले सक्दैनन् । राजनीतिको प्रयोगशालामा परीक्षित भएपछि मात्र सबैको जानकारीमा आउन सक्छ । शासन गर्न अनुपयुक्त वा असक्षम व्यक्ति पनि पाखण्डका कारण सत्ताको शिखरमा पुग्न सक्छन् । लोकतन्त्र क्रियाशील छ भने त्यस्ता व्यक्तिको शीघ्र पतन हुन्छ । कहिलेकाहीँ लोकतन्त्र पनि असहाय बन्न पुग्नुपर्ने अवस्था उत्पन्न हुँदो रहेछ ।

व्यक्तिको मात्र विकल्प खोजेर राजनीति सफा हुँदैन । कसैलाई देवत्वकरण गर्नु व्यक्तिलाई थप भ्रष्ट र अनैतिक बन्न हौसला दिनु हो । राजनीतिमा भक्तिमार्गले समाजलाई पतनतर्फ डोऱ्याउँछ । हाम्रो देशको अहिलेको समयको माग चारित्रिक सुधार हो । फोहोर जमेको पोखरीमा टाढै बसेर ढुङ्गा हान्ने मात्र नगरी भित्र पसेर फोहोर बाहिर फ्याँकी निर्मल जल बनाउनु हो । सहरको भिडलक्षित सामाजिक सञ्जालका सस्ता कथनले क्षणिक लोकप्रियता हासिल गर्नेतिर नलागेर रित्ता गाउँ र बाँझा खेतबारी कसरी हराभरा बनाउन सकिन्छ, आयातको निर्भरता कम गरी निर्यात वृद्धिबाट कसरी विदेशी मुद्रा आर्जन गर्न सकिन्छ भनी योजना बनाउनु र कार्यान्वयन गर्नु हो । उत्तेजना बढाई बेवकुफ अराजक समाजको बदला विवेकशील जनता बनाउनु हो । यो परिणाम प्राप्त गर्ने गरी काम गर्न चाहने व्यक्ति तथा सङ्गठनमा धैर्य चाहिन्छ । उद्देश्यप्रति समर्पित हुनु पर्छ । हतार गर्नेको मति या त ज्ञानेन्द्र पथतर्फ जान्छ या 'रछाने' बन्न पुग्छन् ।

## चट्याङले लागेर एकजनाको मृत्यु, अर्का घाइते, ७ लाखको क्षति



झापा(प्रस)। पानीसंगै परेको चट्याङले लागेर एकजनाको मृत्यु भएको छ भने अर्का घाइते भएका छन् । चट्याङले लागेर गौरादहमा एकजनाको ज्यान गएको हो । बुधवार बिहान अन्दाजी बिहान ७ बजे पाँचथर मिक्लाजुङ गाउँपालिका वडा न.३ आरुबोटे स्थायी ठेगाना भई हाल गौरादह नगरपालिका वडा न. ५ बालुबथानका गोमनाथ चेम्जुङको अधिया खेती गरी उनकै घरमा बस्दै आएका अन्दाजी ५४ वर्षीय दुधकुमार लावतीको चट्याङले लागेर मृत्यु भएको हो । भान्सा कोठामा खाजा खाने क्रममा पानीसंगै छेउमा नै परेको चट्याङको झड्काले लागेर उनको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । मृतकको शवलाई कानुनी प्रकृया पुरा गरी पोस्टमार्टको लागि दमक अस्पताल दमक पठाएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

उता बुधवार दिउँसो अन्दाजी १.३० बजे भोजपुरको भोजपुर नगरपालिका २ सिमे बस्ने ५५ वर्षीय रुन्चे तामाङ चट्याङले लागेर घाइते भएका छन् । घर छेउमा पानीसहित परेको चट्याङको झड्काले तामाङको बायाँपट्टिको भागमा चोट लागेको छ । उनलाई उपचारको लागि जिल्ला अस्पताल भोजपुर पठाएको प्रहरीले जनाएको छ । त्यस्तै मोरङमा चट्याङले आगलागी भएको छ । बिहान ८:५५ बजे मोरङ केराबारी ९ देबीझोडा बस्ने अम्बर खड्काको घर छेउमा रहेको गाईगोठमा पानीसंगै परेको चट्याङबाट अचानक आगलागी भएको हो । आगलागीबाट गोठ र सोही गोठभित्र रहेको बोईलर फर्म जलेर नष्ट हुँदा बोईलर फर्ममा रहेका ४५० वटा बोईलर कुखुरा मरेका छन् । आगलागीबाट अन्दाजी ५ लाख बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

## लय र सुरेन्द्र भण्डारी समाजका केन्द्रीय सदस्य



झापा(प्रस)।वशिष्ठ भण्डारी समाजको केन्द्रीय सदस्यमा दुई जनालाई मनोनयन गरिएको छ ।

कनकाई नगरपालिका ४ कोटिहोममा समाजका अध्यक्ष कृष्णप्रसाद भण्डारी मार्सेलीको अध्यक्षतामा बसेको बैठकले केन्द्रीय सदस्यमा लय भण्डारी र सुरेन्द्र भण्डारीलाई मनोनित गरेको हो । सुरेन्द्र भण्डारीलाई भाषा , कला , संस्कृति र पत्रकारिता क्षेत्रबाट र लय भण्डारीलाई समाजसेवा र ब्यवसायिक क्षेत्रबाट केन्द्रीय समितिमा मनोनित गरिएको समाजका महासचिव जय भण्डारीले जानकारी दिए ।

यसैगरी बैठकले काठमाडौ उपत्यका समितिको संयोजकमा केन्द्रीय सदस्य भोजराज भण्डारीलाई तोकेको छ ।

समाजको गत चैत २३ गते सम्पन्न १६ औं वार्षिक साधारण सभाले नयाँ नेतृत्व चयन गरेको थियो ।

यसैबीच समाजको आयोजनामा लगाइएको बृहन्नारदीय महापुराण हप्ताह ज्ञान महायज्ञ समापन भएको छ । कोटिहोमस्थित वशिष्ठ भण्डारी समाजको केन्द्रीय कार्यालय परिसरमा आयोजित महायज्ञ समापनका अवसरमा १६ जना बटुकको सामूहिक उपनयन गर्दै समापन गरिएको हो । वशिष्ठ गोत्रीय भण्डारीहरुका पितृहरुको उद्दारका लागि गत चैत १७ गतेदेखि महायज्ञ शुरु भएको थियो । महायज्ञमा आचार्य पण्डित छन्दुराम भण्डारीले कथावचन गरेका थिए ।

## टीएमजेबाट कोशी पर्यटन वर्षको आरम्भ



झापा(प्रस) ।कोशी प्रदेश सरकारले २०८२ साललाई लक्षित गरेर बुधबारदेखि कोशी पर्यटन वर्षको शुभारम्भ गरेको छ। कोशी प्रदेशको विकास समृद्धि र पर्यटन प्रवर्धनका लागि आधारशिला खडा गर्ने मुख्य उद्देश्यसहित उपप्रधान तथा सहरी विकास मन्त्री प्रकाशमान सिंहले पर्यटन वर्षको शुभारम्भ गरेका हुन्।

तेह्रथुमको प्रसिद्ध तीनजुरे-मिल्के-जलजले क्षेत्रबाट पर्यटन वर्षको शुभारम्भ भएको हो । कोशीटका पर्यटन, वन तथा वातावरण मन्त्री सदानन्द मन्डल मुलकको आर्थिक विकासमा पर्यटन क्षेत्रको महत्वपूर्ण योगदान रहने भन्दै कोशीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा पहिचान दिलाउन सहयोग पुग्ने जनाए मूल आयोजक समितिका अध्यक्ष एवं कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले कोशी प्रदेशको पर्यटन प्रवर्धन गर्ने र पर्यटनबाट नै राष्ट्रिय पुँजी विकास गरेर समृद्धि हासिल गर्न सकिने महत्वपूर्ण लक्ष्यसहित पर्यटन वर्ष सुरु गरिएको जनाए। उनले कोशी प्रदेशमा धार्मिक पर्यटनको पनि उत्तिकै सम्भावना भएको र यसका माध्यमबाट प्रदेशलाई समृद्धिमा लैजान सकिने आशा व्यक्त गरे।

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** – स्वादिष्ट भोजनको अवसर प्राप्त हुने योग छ । प्रेम जीवन पनि सफल रहनेछ ।

**वृष** – आज समस्या दर्साउँदा सुखदुःखमा साथ दिनेहरू भेटिनेछन् ।

**मिथुन** – आज आफ्नो अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला ।

**कर्कट** – पराक्रम बढ्नुका साथै धन लाभका योग पनि देखिन्छन् ।

**सिंह** – अरुलाई प्रभावित पारेर काम बन्नेछ । लाभदायी छलफल हुनेछ ।

**कन्या** – रोकिएका अधुरा कामहरू पुरा हुन सक्छ । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**तुला** – प्रेमसम्बन्ध र प्रणयप्रसङ्गका लागि श्रेष्ठ समय रहेको छ ।

**वृश्चिक** – आफन्त र मित्रवर्गको सहयोग पाइनेछ ।

**धनु** – वाणीमा कुशलता आउने दिन परेको छ । नयाँ काम र करियरको क्षेत्रमा मन जाने

**मकर** – साथीको सुझावले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ ।

**कुम्भ** – भाग्य बलमा कमी भएको आभास गर्नु हुनेछ । सामाजिक काममा व्यस्त हुने समय

**मिन** – बोलीवचन र भाषण आदिमा प्रशंसा मिल्नेछ ।